प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७७/०७८ मा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहमा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०७७ को नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सुचना प्रकाशित मिति २०७८।०३।३०)

नेपाल सरकारको आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरीका दलित, मुस्लिम, बिपन्न हलिया, कमैया समेत (नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी, थुनम) छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न मिति २०७७।१२।२४ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार र प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सूचना अनुसार आवेदन फाराम बुझाएका उम्मेदवारहरुको पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७८।०१।२५ गते प्रवेश परीक्षा संचालन गर्नुपर्नेमा सोही अवधिमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि अधिकांश जिल्लाहरुमा निषेधाज्ञा जारी भएका कारण संचालन गर्न नसकिएको । यस आर्थिक बर्षभित्र उक्त कार्यक्रमको प्रशिक्षार्थी छनौट नहुंदा कार्यक्रम नै संचालन नहुने अवस्था सिर्जना भई ५६० जना बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरु प्राविधिक शिक्षा प्राप्त गर्ने अवसरबाट वन्चित हुने परिस्थिति सिर्जना भएकाले यस पटकका लागि मात्र रितपुर्वक आवेदन फाराम भरेका आवेदकहरुको तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्राप्तांकको योग्यताक्रम अनुसार स्वीकृत कोटामा भर्नाका लागि परीक्षार्थी छनौट र भर्नाका लागि सिफारिश गरी नतिजा प्रकाशन गर्न भनी परीक्षा समितिको मिति २०७८।०३।१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार नतिजा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

आवश्यक न्यूनतम शैक्षिक योग्यताको आधारमा मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारमा मिति २०७८।०३।२९ गतेको निर्णयानुसार संलग्न नतिजा सूची बमोजिम छनौट भएका परीक्षार्थीहरुलाई तपसिलमा उल्लेखित शिक्षण संस्थाहरुमा अध्ययनका लागि सिफारिश गरिएको हुंदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८।०४।१३ गते) र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट भित्र सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा वेभसाइटबाट नतिजा डाउनलोड गरी भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका, २०७४ (तेश्रो संशोधन) मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (**शैक्षिक प्रमाणपत्रहरु, प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति**) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भर्नाको लागि सिफारिश भएका परीक्षार्थीहरुले आवेदन फाराम बुझाएको शिक्षण संस्था, सम्वन्धित परिषद् प्रदेश कार्यालय वा भर्नाका लागि सिफारिश गरिएको शिक्षण संस्थाबाट फोटो सहितको भर्ना अनुमति पत्र (प्रवेश पत्र) निःशुल्क उपलब्ध गराइने हुंदा ITMS online बाट भर्ना अनुमति पत्र (प्रवेश पत्र) प्रिन्ट गरी भर्ना हुंदा पेश गर्नुपर्नेछ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी www.ctevtexam.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, कोटामा सम्वन्धित निकायको बर्ग खुलेको सिफारिश पत्र र भर्ना अनुमति पत्रको सक्कल प्रमाणपत्रहरु शिक्षण संस्थाको प्राचार्यले रुजु गरी सोको १ प्रति प्रतिलिपी शिक्षण संस्थामा अभिलेख राखी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ (तेश्रो संशोधन) को (४) अनुसार तोकेको शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र तोकिएको म्याद भित्र कुनै पनि शुल्क (धरौटी, पुस्तकालय, प्रयोगात्मक, यातायात आदि) नलिई निर्धारित कोटाभित्र भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । सक्कल कागजात रुजु नगरी अध्ययन गर्ने शैक्षिक कार्यक्रमका लागि योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गराएमा त्यस्ता परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन कायम नहुने भएकाले सो को जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्य हुने व्यहोरा समेत सूचित गरिन्छ ।

भर्ना अनुमति लिनका लागि परीक्षार्थीहरुलाई आवेदन बुझाएको शिक्षण संस्था/कार्यालय वा भर्ना सिफारिश भएको शिक्षण संस्थामा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ । उल्लेखित म्यादभित्र मुख्य परीक्षार्थी भर्ना हुन नआई कुनै शैक्षिक कार्यक्रममा कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षण संस्थाले गोरखापत्र राष्ट्रिय दैनिकमा ७ दिनको सूचना प्रकाशित गरी बैकल्पिक/प्रतिक्षा सूचीमा रहेका परीक्षार्थीहरुबाट ७ दिनको सूचना दिई शिक्षण संस्थाको मुल दर्ता किताबमा दर्ता गरी प्राप्त निवेदनहरु मध्येबाट देहाय बमोजिम हुने गरी बैकल्पिक तथा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ ।

सम्वन्धित शिक्षण संस्थाले जुन शैक्षिक कार्यक्रमको लक्षित बर्ग, समूहको निर्धारित कोटा खाली रहन गएमा सो प्रदेशको खाली रहन गएको कोटाको सोही कार्यक्रमबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो बाट पुर्ति हुन नसक्ने अवस्था भएमा सोही प्रदेशको अन्य कार्यक्रमहरुबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो पश्चात समेत कोटा रिक्त हुन गएमा अन्य प्रदेशको उत्तीर्ण सूचीबाट खाली रहन गएको कोटामा प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण मध्येबाट इच्छाए बमोजिमको कार्यक्रममा निवेदन लिई सम्वन्धित कार्यक्रमको योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ ।

परीक्षार्थीहरुको नतिजा विवरण परिषद्को वेभसाइट www.ctevtexam.org.np मा तथा परीक्षा नियन्त्रण कार्यालयको सूचनापाटीमा प्रकाशित गरिएको छ ।

**डिप्लोमा/प्रमाणपत्र तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :**

| सि.न | शैक्षिक कार्यक्रम | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको सम्पर्क नं |
|---|---|---|---|
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | नारायणी बहुप्राविधिक शिक्षालय, चितवन | ०५६-५२१३१६ |
| २. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुर, कैलाली | ९८४८०२५७०७ |
| ३. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | बि.पी मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, धनुषा | ९८५४०२९७३२ |
| ४. | डिप्लोमा इन रेफ.एण्ड ए.सी इन्जिनियरिङ्ग | कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, बुटवल | ०७१-४५०००४, ९८७०३३०८४ |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर | ९८५२०५२२५६ |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | राइनास बहुप्राविधिक शिक्षालय, लम्जुङ्ग | ९८५६०८८९९४ |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | ०४९-६९०२८६ |
| ८. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | एग्रो फरेष्ट्री बहुप्राविधिक शिक्षालय, मथुरा, अर्घाखांची | ९८५७०६६८७१ |
| ९. | डिप्लोमा इन फार्मेसी | गौर नर्सिङ्ग कलेज, गौर, रौतहट | ९८४५१५२४८८ |
| १०. | डिप्लोमा इन फार्मेसी | रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुङ्ग, इलाम | ९८५२६८०५१८ |
| ११. | प्रमाणपत्र तह सामान्य चिकित्सा | कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | ९८५८३२२०५५ |
| १२. | डिप्लोमा इन फरेष्ट्रि | शहीद यज्ञेश्वर बहुप्राविधिक शिक्षालय, रुकुम | ९७५५०००४२१ |

**प्रि-डिप्लोमा तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :**

| सि.न | शैक्षिक कार्यक्रम | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको सम्पर्क नं |
|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | धौलागिरी बहुप्राविधिक शिक्षालय, बलेवा, बागलुङ्ग | ०६८-४१३०९६ |
| २. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | ०९४-४४००२७ |

नोट : यो सूचना र नतिजा सम्वन्धी विवरण www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**